सिक्किम र असमबाट एकैसाथ प्रकाशित
हाम्रो प्रजाशक्ति
गान्तोक, वर्ष १९, अङ्क १०, १३ मार्च, २०१८
विक्रम संवत् २०७४, फागुन २९ गते, मंगलवार

# संसदको घट्दो गरीमामाथि संक्षिप्त चिन्तन

**यो देश भारतलाई विश्वमा सबैभन्दा ठूलो लोकतान्त्रिक देशको रूपमा मानिन्छ अनि संसद यसको सबैभन्दा महत्वपूर्ण औ गरिमामय स्थान हो। संसदमा पारित बजेट, विधेयक, नियम–कानूनहरूमा देशको विकास अनि भविष्य निर्धारित रहेको हुन्छ। तसर्थ संसदको गरीमा, मर्यादा एवं पवित्रता अक्षुण्ण राख्न देशका प्रत्येक नागरिकको कर्तव्य बन्दछ।**

**लोकतन्त्रलाई सोझै परिभाषित गर्नु हो भने त्यसलाई जनताद्वारा जनताकै निम्ति बनाइएको तन्त्रको रूपमा जानिन्छ। तर लोकतन्त्र जनताद्वारा जनताकै निम्ति बनिएको भए पनि यो देशमा दिन प्रतिदिन लोकतन्त्रको महत्व र मूल्य खस्किँदो अवस्थामा पुगिरहेको देखिन्छ। यसको एउटा मुख्य कारण यो बताउन सकिन्छ कि हामीले लोकतन्त्रलाई एउटा यस्तो स्वच्छन्दता मानिरहेका छौं जसमा आफ्नो अधिकारको निम्ति त सबै सजग औ सचेत छन् तर देशप्रतिको आफ्नो कर्तव्य तथा दायित्वबाट भागिरहेका छन्।**

**आज देशप्रतिको दायित्वबोधको कमी अनि गैर–जिम्मेवारीपूर्ण सोचको कारण नै संसदको मनसून सत्र होस् अथवा शीतकालीन सत्र पटक–पटक वाधित भइरहेको छ जसले गर्दा संसदको बहुमूल्य समय त नष्ट हुनका साथै लाखौं रूपियाँ व्यर्थमा खर्च भइरहेको देशका नागरिकहरूको नजरमा छर्लङ्ग छ। यसपालि सञ्चालनमा रहेको वजेट सत्रको दोस्रो भागमा पनि दुवै सदनमा कामकाज ठप्प रहेको जानकारीमा आइरहेको छ। गत सप्ताह पञ्जाब नेश्नल ब्याङ्क घोटाला अनि अन्य कतिपय मुद्दाहरूलाई लिएर सत्तापक्ष अनि विपक्षबीच कड़ा विभेदको साथमा टक्कर चलेको थियो। पीएनबी घोटालालाई लिएर विपक्षीहरू आवाज उठाउनु स्वाभाविक ठान्नु पर्दछ तर विडम्बना यो पनि बनेको छ कि भाजपाले संसदमा आफ्नै सहयोगी दल तेलगु देसम पार्टीको विरोधको सामना पनि गर्नु परिरहेको छ। यो दलले आन्ध्रलाई विशेष दर्जा दिलाउने मागमाथि जोर दिंदै जहाँ संसद वाधित गऱ्यो, अर्कोतिर राजग सरकारबाट बाहिर हुने निर्णय पनि लिइरहेको छ। गत सप्ताह कावेरी जल बटवारा अनि मराठी भाषालाई लिएर अन्नाद्रमुक अनि शिवसेनाका सांसदहरूले संसदको कामकाजमा वाधा पुऱ्याए।**

**भारतीय लोकतन्त्रमा यो एउटा ठूलो चिन्ताको विषय बनेको छ कि संसदमा हो–हल्लाको राजनीति एउटा नियम जस्तो बनेको छ। देश तथा देशका नागरिकहरूमा व्याप्त विविध समस्याहरूलाई लिएर गम्भीरताको साथमा विचार–विमर्श गर्ने एक पवित्र स्थान हो, संसद अनि संसदीय प्रणालीमा सत्तापक्ष एवं विपक्षको भूमिका र दायित्व महत्वपूर्ण रहेको हुन्छ। तर वितेका केही वर्षदेखि यस्तो प्रतीत भइरहेको छ कि सत्तापक्ष अनि विपक्ष दुबैले संसदप्रतिको आफ्नो दायित्वलाई पूर्णरूपले पालन गरिरहेका छैनन् औ सत्तापक्ष विपक्षालाई साथमा लिन इच्छुक छैन। यही कारणले पनि केही वर्षदेखि संसदीय प्रक्रियामा बारम्बार अवरोध उत्पन्न भइरहेको बताउन सकिन्छ।**

**वर्तमान संसदको स्थिति यस्तो देखिन्छ कि सानो–ठूलो कुनै पनि मुद्दालाई लिएर सत्तापक्षको विरोधसंगै हो–हल्ला मच्चाएर संसदको कामकाज ठप्प गर्नु नै विपक्षले आफ्नो कर्तव्य ठानिरहेको छ। राजग सरकारको वर्ष २०१४ देखि अहिलेसम्मको कार्यकालमा कंग्रेस लगायत अन्य विपक्षीहरूले संसदको बहुमूल्य समय व्यर्थमा बर्बाद गर्दै आएको उदाहरणहरू पाउन सकिन्छ। सर्वविदितै छ कि वर्ष २०१६ को संसदको मनसून सत्र कुनै सकारात्मक परिणाम बिना हो–हल्लामै बितेको थियो। यूपीए सरकारमा भाजपाले पनि यसरी नै संसदको कार्वाहीमा वाधा पुऱ्याएको थियो भन्ने यस समय कंग्रेसले तर्क राखेको थियो। यसरी प्रतिशोधको भावना लिएर संसदलाई राजनीतिक स्वार्थ एंव प्रतिद्वन्दिताको अखड़ा बनाए, यसबाट नेता, मन्त्री तथा सांसदहरूलाई होइन तर देशका साधरण जनतालाई नै ठूलो क्षति पुग्छ औ संसदको गरिमामाथि पनि प्रश्न उठ्न थाल्छ। लोकतन्त्रको अर्थ स्वच्छन्दता होइन भन्ने वास्तविकता कुनै पनि राजनीतिक पार्टीका सांसदहरूलाई ज्ञात भएकै हुनुपर्छ। तसर्थ लोकतन्त्रको परिभाषाभित्र रहेर पार्टीको स्वार्थभित्र रहेर होइन तर देश विकासको मुद्दालाई नै सांसदहरूले आफ्नो स्वार्थ ठान्नु उचित हुनेछ।**

## एसएससी परीक्षामा गड़बड़ीको जाँचमा केन्द्र सरकारलाई नोटिस

नयाँ दिल्ली, १२ मार्च। स्टाफ सेलेक्शन कमीशन (एसएससी)को परीक्षामा गड़बड़ीको सुप्रीम कोर्टको निगरानीमा सीबीआई जाँचको माग गरिएको याचिकामा सुनवाई गर्दै सुप्रीम कोर्टले केन्द्र सरकारलाई नोटिस जारी गरेको छ। सुप्रीम कोर्टले याचिकाकर्तालाई केन्द्र सरकारलाई याचिकाको प्रति उपलब्ध गराउने निर्देश दिएको छ। सुप्रीम कोर्टले केन्द्र सरकारका उकीललाई १९ मार्चको दिन कोर्टमा उपस्थित रहने तथा जाँच सम्बन्धी स्टेटस रिपोर्ट सुम्पिने निर्देश दिएको छ। गत ०५ मार्चमा यस याचिकामा सुनवाई गर्न सुप्रीम कोर्ट तयार भएको थियो। याचिका उकील मनोहर लाल शर्माले दर्ता गरेका हुन्। गत २७ फरवरीदेखि सैकड़ौं छात्रले एसएससीको मुख्यालय समक्ष प्रदर्शन गरिरहेछन्। यी छात्रहरूले एसएसजी सीजीएल २०१७ को प्रश्न पत्र लीक भएको आरोप लगाउँदै सीबीआई जाँचको माग गरिरहेका थिए। छात्रहरूको आन्दोलनपछि एसएससीले सीबीआई जाँच गराउनमा सहमति जाहेर गरेको थियो।

# शिखर पुरुष

# इन्द्रबहादुर राईप्रति श्रद्धाञ्जलि



❑ टीका ढुङ्गेल 'रटन' सिक्किम



''साहित्य र साहित्यकार यस्तै हुनुपर्छ भनेर तोक्न सकिँदैन तर विश्व साहित्य आधुनिकभन्दा अघि गइसकेर उत्तर आधुनिक लेखमा पुगिसक्दा नेपाली साहित्यिक लेखन पनि जुर्मुरिनुपर्ने

भारतीय नेपाली साहित्यका शिखर पुरुष इन्द्रबहादुर राईको ६ मार्चका दिन निधन भएको खबरले साहित्य आकाशमा शोकको लहर छाएको छ। उहाँको निधनले नेपाली साहित्यमा अपूरणीय क्षति भएको छ। नेपाली साहित्यमा आयामेली लेखन, लीला लेखन, थुप्रै कृति र आधा दर्जनभन्दा बेसी शोधार्थीले शोध गरिसकेका छन्। पिता रणवीर राई, माता हस्तमाया देवान राईका छोराका रुपमा इन्द्रबहादुर राई बालसन खरसाङमा ३ फरवरी, १९२७ मा जन्मिएका हुन्।

मायादेवी राईसँग विवाह बन्धनमा बाँधिएपछि एक छोरा र दुई छोरीको जन्म भयो। उहाँले अङ्ग्रेजी साहित्यमा एमए शिक्षा प्राप्त गर्नु भयो। सन्त जोसेफ्स कलेज दार्जीलिङमा अङ्ग्रेजी विषयका अध्यापकको पदभार समाल्नु भयो। उहाँले गरेका कामहरूको प्रमाण यी पुरस्कारहरूले दिइरहेको छ। **साहित्य अकादमी पुरस्कार सन् १९७७** मा **'नेपाली उपन्यासका आधारहरू'** पुस्तकमा प्राप्त गर्नु भयो। **जगदम्बा श्री पुरस्कार** १९९५ मदन पुरस्कार गुठी नेपालबाट प्रदान गरिएको हो।

यसरी नै **अगमसिंह स्मृति पुरस्कार सन् १९९६** सिक्किम साहित्य परिषद्‌बाट प्रदान गरिएको हो। यस्ता धेरै पुरस्कार र सम्मानले उहाँको घर भरिएको छ। उहाँले साहित्य सम्मेलन दार्जीलिङको त्रैमासिक साहित्यिक पत्रिका '**दियालो**' र नेपाली साहित्य परिषद् दार्जीलिङद्वारा प्रकाशित '**भानुभक्तका कृति अध्ययनहरू**' सम्पादन गर्नु भएको छ। कमल कुमार शर्माको प्रेरणाले उच्च स्थान उपलब्ध गराएको छ। दार्जीलिङ सरकारी उच्च विद्यालयले प्रकाशित गरेको 'शारदा' पत्रिकाहरूका प्रतिहरू पढ़न लगाएर उहाँलाई साहित्यको मार्गमा ल्याएका हुन्।

सन् १९४० तिरको कुरा हो। त्यसपछि नेपाली साहित्यमा चासो राख्ने गुरुहरू थिए- कर्म लामा, बलबहादुर छेत्री र बिर्खबहादुर गुरुङ। उहाँलाई सबै विधा पढ़न, लेख्न मन परे पनि सिर्जनात्मकभन्दा पनि समालोचनामा नै धेरै काम गरेको देखिन्छ। उहाँ एक असल साहित्यकार भएकाले आफ्नो विचारमा भन्नु हुन्छ, ''साहित्य र साहित्यकार यस्तै हुनुपर्छ भनेर तोक्न सकिँदैन तर विश्व साहित्य आधुनिकभन्दा अघि गईसकेर उत्तर आधुनिक लेखमा पुगिसक्दा नेपाली साहित्यिक लेखन पनि जुर्मुरिनुपर्ने खाँचो देखिन्छ।''

नेपाली भाषाले राष्ट्रियस्तरमा मान्यता प्राप्त गरेपछि उहाँले आफ्नो विचार यसरी व्यक्त गर्नु भएको छ। ''नेपाली भाषाले आठौँ अनुसूचिमा मान्यता पाएकोले भारतमा नेपालीभाषी समुदायले नै राष्ट्रिय मान्यता पाएको छ। भाषाले उत्तरोत्तर समृद्धि र मानकता प्राप्त गरिरहेको छ र यसको भविष्य उज्ज्वल छ।'' कसैलाई पनि कुनै विषय, विधामा केही प्रेरणामय सहयोग प्राप्त भएपछि नै उनीहरूले आफ्नो लक्ष्यमा पुग्ने अवसर प्राप्त हुन्छ। सम्भवतः इन्द्रबहादुर राईलाई पनि कमल कुमार शर्माबाट ठूलो प्रेरणा प्राप्त भएछ। उहाँका लोकप्रिय कृतिहरू यस प्रकार छन्-

विपना कतिपय (कथा सङ्ग्रह १९६१), आज रमिता छ (उपन्यास १९६४), कठपुतलीको मन (कथा सङ्ग्रह १९८९), टिपेका टिप्पणीहरू (समालोचना १९६६), कथास्था (कथा सङ्ग्रह १९७२), नेपाली उपन्यासका आधारहरू (समालोचना १९७४), सन्दर्भमा ईश्वर बल्लभका कविता (समालोचना १९७६), साहित्यको अपहरण : मार्क्सवादिक प्रतिबद्धता (समालोचना १९८३), दार्जीलिङमा नेपाली नाटकको अर्धशताब्दी (समालोचना १९८४), अर्थहरूको पछिल्तिर (समालोचना १९९४), पहाड़ र खोला (निबन्ध, १९९३), पृष्ठ-पृष्ठ (समालोचना १९९५), लेखहरू र झ्याल (निबन्ध सङ्ग्रह २०००), लीला प्रस्तावना (समालोचना), सम्पूरक (लेख सङ्ग्रह २०१४) आदि प्रमुख छन्।

अझ कलमकारलाई थाह नभएका प्रकाशित कृतिहरू र अप्रकाशित पाण्डुलिपिहरूको लेखाजोखा भएकै छैन। यस्ता महान शिखर पुरुषमाथि जति लेखे पनि सकिँदैन। साहित्यकारहरूले उहाँबाट धेरै प्रेरणा पाए साथै यो कलमकार पनि उहाँकै मार्गदर्शनमा अघि बढ़िरहेको छ। एक साहित्यको विद्यार्थीबाट इन्द्रबहादुर राईको आत्माले स्वर्गमा स्थान प्राप्त गरोस् भन्ने कामना गर्दछु साथै श्रद्धाञ्जलि अर्पण गर्दछु। उहाँले अहिलेसम्म साहित्य, समाजमा पुऱ्याएको योगदानको सही कदर होस्। सबै कृति र शोधार्थीहरूले तयार पारेका दस्तावेज सबै एकमुष्ठ गरी स्मृति ग्रन्थ प्रकाशित भए समाजोपयोगी काम बन्न जान्छ।

इन्द्रबहादुर राईको सम्मान गर्दै केही शब्द प्रकाशमा ल्याउने विचार मात्र हो मेरो। उहाँ एक संस्था तथा पुस्तकालय, आज हामीले गुमायो। उहाँको आत्माले छोड़े पनि इन्द्रबहादुर राई साहित्यकारहरूको हृदयको तरेलीमा अमर रहनेछन्। त्यसैले भनिन्छ, सर्जकहरू अमर रहन्छन् जुग जुगसम्म आफ्ना कृतिहरूमा, साहित्यका गतिविधिहरू अनि इतिहासका पानाहरूमा अमेट छाप भएर बस्छन्।

२०१० मा त्रिफलाको भव्य कार्यक्रममा यो कलमकारको 'समीक्षा कुञ्ज' समीक्षा कृति वरिष्ठ व्यक्तित्व, युग पुरुष इन्द्रबहादुर राई र वैरागी काइँलाको बाहुलीबाट लोकार्पण गर्ने मौका पाएको थिएँ। 'समीक्षाका रङ्गहरू' कृति सन् २०१५ मा प्रकाशित गर्दा उक्त दिन लोकार्पण गर्दाको नक्सालाई आवरण पातामा राखेर कृति प्रकाशित गरेको छु।

इन्द्रबहादुर राई मेरो कृतिमा पनि अमर रहनु भएको छ। यस्ता धेरै कृति, नक्सा र परिवार, साहित्यकारसँग लिएका नक्साहरूमा हामी अमर पाउँछौं। समाज, साहित्यमा उहाँले गरेका कामहरूको दस्तावेज अङ्क पढ़न पाइयोस्।

**जनमञ्च**

यस स्तम्भमा व्यक्त गरिएको विचार लेखक स्वयम्को हो, यसबाट निस्किएको मतामतका लागि सम्पादक/प्रकाशक जिम्मेवार हुनेछैनन्। – सम्पादक

# नेवार गुठीका अध्यक्षलाई पत्र



➢ **मोहनसिंह प्रधान 'मानव'**
**पूर्व सिक्किम**

❑ हामी, सबै जाति सिक्किम आमाका छोरा-छोरी हौं। सिक्किम आमाका काखमा सबैले बराबर माया र अधिकार पाउनैपर्छ।

❑ कुनै पनि जातिले एक्लै लड़ेर न्याय पाउन सक्दैन। कुनै पनि जातिलाई अन्याय भयो भने अरू जाति मिलेर त्यस जातिलाई सकेसम्म सघाउनुपर्छ।

❑ पार्टी पोलिटिक्सदेखि अलग्गै रहेर सारा सिक्किमका नर-नारीका भलाई सोच्दै हिंड़िरहेका छन्।

प्रियवर प्रधान साहब,

म पाकिम निवासी मोहनसिंह प्रधान, तपाईंलाई पत्र लेखिरहेछु। केही दिनअघि दैनिक 'हाम्रो प्रजाशक्ति' खबरकागजमा तपाईंले यसरी लेख्नु भएको रहेछ– ''हाम्रो भलाई हामी आफैं सोच्छौं, हाम्रो भलाई र हामीमाथि भइरहेको अन्यायको कुरा गर्ने अधिकार तपाईं बाहुनलाई छैन।'' यो विष्णुप्रसाद खतिवड़ा, बाहुनलाई विरोध गरेर लेख्नु भएको रहेछ। तपाईंले स्यावासी दिनुपर्नेमा उल्टा विरोध पो गर्नु भएछ! यो दुःखलाग्दो कुरा हो। हामी, सबै जाति सिक्किम आमाका छोरा–छोरीहरू हौं। सिक्किम आमाका काखमा सबैले बराबर माया र अधिकार पाउनैपर्छ। भेदभाव गर्नु हुँदैन। कसैलाई काखमा कसैलाई पाखामा फ्याँक्नु हुँदैन। कुनै पनि जातिले एक्लै लड़ेर न्याय पाउन सक्दैन। कुनै पनि जातिलाई अन्याय भयो भने अरू जाति मिलेर त्यस जातिलाई सकेसम्म सघाउनुपर्छ। '**सबको साथ सबको विकास**' भनेको यही हो।

यही हो मानव धर्म। आज सिक्किममा ट्राइबलको कुरा सबैतिर हुँदैगरेको सुनिँदैछ। फल्ना ट्राइबल र ढिस्का ट्राइबल भन्नु हुँदैन। हुन्छ भने सबैलाई ट्राइबल बनाउनुपर्छ। नत्र भने कसैले पनि ट्राइबलको दर्जा पाउनु हुँदैन। उहिले राजाको पालामा पनि ट्राइबलको कुरा भएकै हो। 'राजा ट्राइबल भएपछि प्रजाहरू कसरी ननट्राइबल हुन्छ?' भन्ने कुरा त्यसबेला पनि उठेकै थियो।

यो राज्य उहिले नै ट्राइबल राज्य भइसक्नुपर्ने थियो। आज हामी सिक्किम आमाको काखमा ट्राइबल भएर बस्न पाउँथ्यौं तर आज ट्राइबलको कुरा ता परै छोड़ौं; नेवार, बाहुन र छेत्रीले केन्द्रीय ओबीसीको दर्जा पनि पाउन नसकेर सिक्किमे समाजदेखि हटाइएजस्तो गराइएको छ। यो एकदमै दुःखलाग्दो कुरो हो। यो कुरा सारा सिक्किमे जनताले थाह पाएकै हुन्।

यी तीन जातिलाई किन यसरी छुट्याइएको? किन यसरी भेदभाव गरिएको? आजसम्म हामीले बुझ्न सकेका छैनौं। यी तीन जाति पनि अरू जातिजस्तै छन्, केही भिन्नता देखिँदैन। तब किन यस्तो भेदभाव? सबै जातिभित्र राम्रा–नराम्रा, धनी –गरीब, पढ़–अनपढ़, पापी– धर्मी सबै किसिमका मानिसहरू हुन्छन्। सोही कुराहरू यी तीन जातिभित्र पनि छन्। पट्पट् खुट्टा फुटेका, हलो, कोदाले, अनपढ़, औंलीको छाप लगाउने नेवार, बाहुन, छेत्री सिक्किममा प्रशस्त छन्। यी सब सत्य कुरो हाम्रा यहाँका नेताहरूले, विशेष राज गर्ने नेताहरूले केन्द्रका नेताहरूलाई राम्ररी बुझाउन चाहेको भए, बुझाउन सकेका भए धेरै वर्षअघि नै यी तीन जाति पनि केन्द्रीय ओबीसी–भित्र पसिसक्थे।

हामीबीच प्रेम र एकता बढ़ेर जान्थ्यो। नेवार, बाहुन, छेत्रीलाई अन्याय भएको आज सारा सिक्किमे जनतालाई थाह छ। यस विषयमा सारा सिक्किमे जनता हाम्रो साथमा छ। सबको आशीर्वाद हामीसित छ। प्रधान साहब, सिक्किमका ठूलाठाला, धनीमानी, अफिसर, नेता, मन्त्रीहरू– त्यस्ता नेवार, बाहुन र छेत्रीहरू राजधानीमा सुख, चैनमा बसेका छन्।

उनीहरूलाई त्यत्ति चासो नहोला। उनीहरूलाई सबै पुगिसरी होलान् तर उनीहरूले मौजमज्जाको जिन्दगी बिताउँदा सिक्किमका गरीब–दुःखी, खालीखुट्टे, हले, कोदालेहरूको भुँड़ी भर्रिँदैन; उनीहरूका समस्या समाधान हुँदैन। त्यस कारण प्रधान साहब तपाईंलाई पनि हामी बिन्ती गर्छौं कि यस शुभकार्यमा तपाईंले पनि साथ दिनुपर्छ। हिजोअस्ति मुख्यमन्त्रीले पनि नेवार, बाहुन र छेत्रीको विषयमा कस्ता नराम्रा कुराहरू गरे, त्यो ता तपाईंलाई पनि थाहै छ होला। नेवार, बाहुन र छेत्री न्याय माग्नु कोर्टमा जानु अरे। हाम्रो मुख्यमन्त्री चामलिङ भएर यस्तो नराम्रो जातिवादी, पक्षपाती कुराहरू कसरी गर्न सकेका हुन्।

साह्रै दुःख लाग्ने कुरा हो। उहाँलाई चिफ मिनिस्टर बनाउन सिक्किमका नेवार, बाहुन र छेत्रीले सकेसम्म सहायता गरेका हुन्। तब किन मुख्यमन्त्री चामलिङले यी तीन जातलाई हेला गरेर होच्याएर बोल्छन्। यी तीन जात चैं अरू जातभन्दा केमा फरक छन्? यो कुरा मुख्यमन्त्रीले खुलस्त गर्नु सक्नुपर्छ। नेवार, बाहुन र छेत्रीले किन केन्द्रीय ओबीसी–को दर्जा पाउन सकेनन्? यो कुरा मुख्यमन्त्रीले बताउनुपर्छ। आज यो र अन्य राम्रा कुरा लिएर सिक्किमका पाँचजना सपुत सारा सिक्किमलगायत अन्यतिर एक वर्षसम्म हिंड़ेर कहिले ढेड़ो, फाँड़ो खाँदै, कहिले खाटमा कहिले भुइँमा सुत्दै, गरीब, दुःखीको गुनासो सुन्दै घुमिरहेका छन्।

यी युवकहरू जातिपाती, धर्म सम्प्रदायको भेददेखि माथि उठेर केवल सत्य र धर्मलाई आधार मानेर, सबै किसिमको भेदभाव हटाएर सबैलाई सिक्किम आमाका काखमा राख्न चाहन्छन्। सबैलाई प्रेम र एकताको बन्धनमा बाध्न चाहन्छन्। उनीहरूले पहेंलो रङको पर्चा छापेर सबैतिर बाँड़िरहेका छन्। 'नेवार, बाहुन र छेत्रीले न्याय पाउनुपर्छ' भनेर यी सपुतहरूले सोह्रैआना सत्य कुरा लेखेका छन्। यस्ता त्यागी, परोपकारी युवकहरू सिक्किमको इतिहासमा आजसम्म जन्मेका छैनन् जस्तो लाग्छ हामीलाई।

पार्टी पोलिटिक्सदेखि अलग्गै रहेर सारा सिक्किमका नर–नारीका भलाई सोच्दै हिंड़िरहेका छन्।

यी सपुतहरूलाई सबैले आशिष दिनुपर्छ।

१) गुरुप्रसाद लुइटेल, M.A. (NET/SLET) Political Science.

२) फुर्वा छिरिङ M.A. History.

३) ग्यालसेन लेप्चा B.A. (Honours) Political Science.

४) रेमन थापा M.A. Nepali.

५) नवीनकिशोर छेत्री M.A. Political Science.

प्रधान साहब, तपाईंलाई निवेदन गर्दछु, तपाईंले पनि यी युवकहरूलाई भरपूर आशीर्वाद दिनुहोस् भन्दै यो पत्रलाई विराम दिन चाहन्छु।



लेख तथा रचना आदि पठाउने
**'हाम्रो प्रजाशक्ति' सिलगढ़ी कार्यालयको ठेगाना**
हाम्रो प्रजाशक्ति, गुरुङ बस्ती बजार (प्रधान नगर)
पूजा मेडिकल हलको माथिल्लोपट्टि
सिलगढ़ी- ७३४००३
ई-मेलः hamropraja.slg@gmail.com
☎ 9832684683